# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ चौमाला, कैलाली माघ १५ गते, सोमबार २०८० साल, (संख्या-११)


भाग -१

## गौरीगङ्गा नगरपालिका
## बालबालिकाको संरक्षण तथा वैकल्पिक हेरचाहसम्बन्धी कार्यविधि ऐन, २०८०

**प्रस्तावना** : बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४९ बमोजिम आमाबाबु वा परिवारको संरक्षणबाट बञ्चित बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्ध गरी उनीहरूको अधिकारको सम्वर्द्धन, प्रवर्द्धन र परिपूर्ति तथा बालसंरक्षण एवम् अभिभावकत्व ग्रहण लगायतका कार्य गर्न लागि गौरीगङ्गा नगरसभाबाट 'बालबालिकाको संरक्षण तथा वैकल्पिक हेरचाहसम्बन्धी कार्यविधि ऐन, २०८०' जारी गरिएको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "**बालबालिकाको संरक्षण तथा वैकल्पिक हेरचाहसम्बन्धी कार्यविधि ऐन, २०८०**" रहेको छ ।

(२) यो कार्यविधि गौरीगङ्गा नगरसभाले पारित गरी रावपत्रमा प्रकाशित गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "ऐन" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "प्रमुख" भन्नाले गौरीगङ्गा नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ग) "उप-प्रमुख" भन्नाले गौरीगङ्गा नगरपालिकाको नगर उप-प्रमुख सम्झनु पर्छ ।

(घ) "समाजसेवी" भन्नाले ऐनको दफा ६२ बमोजिम नगरपालिकामा सूचीकृत भई नियुक्त समाजसेवी सम्झनु पर्छ ।

(ङ) "बालमनोविज्ञ" भन्नाले बाल मनोविज्ञान विषयमा तालिम प्राप्त गरी ऐनको दफा ६२ बमोजिम नगरपालिकामा सूचीकृत भई नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

(च) "अस्थायी संरक्षण सेवा" भन्नाले ऐनको दफा ६९ तथा यस कार्यविधिको दफा १३ बमोजिम स्थापना गरिएको अस्थायी संरक्षण सेवा सम्झनु पर्छ ।

(छ) "नगरपालिका" भन्नाले गौरीगङ्गा नगरपालिका कैलाली सम्झनु पर्छ ।

(ज) "बालकल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ बमोजिम गौरीगङ्गा नगरपालिकामा नियुक्त भएको वा तोकिएको बालकल्याण अधिकारी सम्झनु पर्छ ।

(झ) "परिवार" भन्नाले बालबालिकाका आमा, बाबु, दाजुभाइ, अविबाहित दिदीबहिनी, हजुरबुबा, हजुरआमा सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने नजिकका काका, काकी, जेठा बुवा, फुपु लगायतका अन्य नातेदार समेतलाई जनाउँछ ।

(ञ) "हेरचाहकर्ता" भन्नाले संरक्षणबिहीन बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्ध गरी हेरचाह तथा संरक्षण कार्य गर्ने वयस्क महिला वा पुरूष, परिवार, संस्था तथा निकायलाई सम्झनु पर्छ ।

(ट) "परिवार सहयोग (फेमेलि सपोर्ट)" भन्नाले बालबालिकाको परिवारलाई बिग्रह वा विखण्डन तर्फ लैजान सक्ने आर्थिक, सामाजिक कारण तथा अन्य जोखिमको पहिचान एवम् निराकरण गरी परिवारको एकता र सौहार्दता कायम गरी परिवारमा नै बालबालिकाको संरक्षण हुने वातावरण सृजना गर्न सार्वजनिक निकाय वा संस्थाले त्यस्तो परिवारलाई गरिने सहयोग सम्झनु पर्छ ।

(ठ) "नियमावली" भन्नाले बालबालिकासम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ ।

(ड) "परिषद्" भन्नाले ऐनको दफा ५९ बमोजिम गठन भएको राष्ट्रिय बालअधिकार परिषद् सम्झनु पर्छ ।

(ढ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ ।

(ण) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका सम्झनु पर्छ ।

(त) "सेवा प्रदायक निकाय" भन्नाले गौरीगङ्गा नगरपालिकामा बालबालिकालाई सेवा प्रवाह गरिरहेका सरकारी कार्यालय, स्वास्थ्य चौकी, विद्यालय, प्रहरी चौकी, गौरसरकारी संस्थाका कार्यालय, सेवा प्रदायक परिवार, संस्था वा निकाय समेतलाई सम्झनु पर्छ ।

(थ) "संस्था" भन्नाले बालअधिकार प्रवर्द्धन तथा बालसंरक्षणका लागि प्रचलित कानूनबमोजिम दर्ता भई कार्यक्रम सञ्चालन गरिरहेका गैरसरकारी तथा सामुदायिक संस्थालाई सम्झनु पर्छ र सो शब्दले वैकल्पिक हेरचाह गर्ने संस्था समेतलाई बुझाउँदछ ।

(द) "कार्यविधि" भन्नाले गौरीगङ्गा नगरपालिकाको 'बालबालिकाको संरक्षण तथा वैकल्पिक हेरचाहसम्बन्धी कार्यविधि ऐन, २०८०' मा उल्लेखित कार्यविधि वा प्रक्रिया सम्झनु पर्छ ।

## परिच्छेद-२
## विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण तथा हेरचाह

३. **विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका** : (१) देहायका बालबालिकालाई विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मानिनेछ :

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, अभिभावक वा बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,

(ग) अभिभावक वा बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रियाअन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणी वा कानूनबमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बालकल्याण अधिकारीसमक्ष निवेदन परेका बालबालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको सर्वोत्तम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धूमपान, मद्यपान एवम् अन्य लागूऔषधको कुलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,

(ञ) बालबालिकाविरुद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ट) विपद् वा सशस्त्र द्वन्द्वका कारणले आमाबाबु दुवै वा आमा बाबुमध्ये एक गुमाएका, बेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,

(ठ) विपन्न दलित समुदायका बालबालिका, र

(ठ) नगरकार्यपालिकाले पारित गरी स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका ।

(२) उपदफा (१) को खण्ड (क) देखि (छ) सम्मका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मानिनेछ ।

४. **विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाबारे सूचना दिनु पर्ने :** (१) विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाबारे जानकारी पाउने बाबुआमा, संरक्षक, परिवारको सदस्य, शिक्षक, छरछिमेकी तथा अन्य व्यक्ति, संस्था तथा निकायले आफूले थाहा पाएसम्मको जानकारी सहित बालकल्याण अधिकारीलाई सूचना दिनु पर्छ ।

(२) नजिकको प्रहरी कार्यालय, नेपाल प्रहरीअन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र, बालबालिका खोजतलास सेवा (निःशुल्क फोन नं. १०४), बाल हेल्पलाइन सेवा (निःशुल्क फोन नं.१०९८) ले विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको सूचना पाएमा तत्कालै त्यसबारे बालकल्याण अधिकारीलाई सूचना दिनु पर्छ ।

(३) उपदफा (१) र (२) बमोजिम विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाबारे लिखित वा मौखिक रूपमा सूचना दिन सकिनेछ ।

(४) विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाबारे सूचना पाएपछि बालकल्याण अधिकारीले त्यस्तो सूचनाबारे अभिलेख किताबमा उल्लेख गरी रेकर्ड राख्नु पर्छ र तत्काल कारबाहीको प्रक्रिया अगाडि बढाउनु पर्छ ।

(५)उपदफा (४) बमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउँदा विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाबारे प्राप्त भएको सूचना समेतको आधारमा बालकल्याण अधिकारीले नगर बालअधिकार समिति, समाजसेवी तथा बालमनोविज्ञ लगायतको सहयोग लिई निजको खोजबी तथा थप जानकारी सङ्कलन गर्नु पर्नेछ ।

(६) बालकल्याण अधिकारीले नगर बालअधिकार समितिसँग छलफल गरी विशेष संरक्षण तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार गर्न आवश्यक देखेमा उद्धार गरी अस्थायी संरक्षण सेवामा राख्ने व्यवस्था मिलाउनु पर्छ ।

५. **बालबालिकाको परिवारको खोजी गर्नु पर्ने :** (१) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाबारे सूचना पाएपछि वा उनीहरूलाई उद्धार गरी अस्थायी संरक्षण सेवामा राखेपछि बालकल्याण अधिकारीले निजको आमा बाबु वा अभिभावक वा परिवारको खोजी गर्नु पर्छ ।

(२) उपदफा (१) बमोजिम आमाबाबु वा परिवारको खोजी गर्न बालकल्याण अधिकारीले समाजसेवीलाई जिम्मा दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम खोजी गर्दा आमाबाबु वा परिवार पत्ता लागेमा बालकल्याण अधिकारीले समाजसेवीलाई आमाबाबु वा परिवारको अवस्था, बालबालिकाको हेरचाह र पालनपोषणको स्थिति समेतको लेखाजोखा गर्न लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम परिवारको लेखाजोखा गर्दा निज बालबालिका परिवारबाट अलग हुनाका कारण खोजी गरी निजलाई परिवारमा पुनर्मिलन गराउँदा तिनलाई सम्बोधन गर्ने उपायको खोजी गर्नु पर्छ ।

(५) उपदफा (३) बमोजिमको लेखाजोखा समेतको आधारमा समाजसेवीले निज बालबालिकाको हेरचाहको लागि आमाबाबुलाई जिम्मा दिने वा परिवारमा पुनर्मिलन गराउने वा अन्य उपयुक्त विकल्प सिफारिस गर्न सक्नेछ ।

६. **सार्वजनिक सूचना प्रकाशित गर्न सकिने** :(१) बेवारिस अवस्थामा रहेका बालबालिकाको हकमा निजको आमाबाबु तथा परिवारको खोजी एवम् पहिचान गरी निजलाई परिवारमा पुनर्मिलन गर्ने, गराउने उद्देश्यले छापा तथा विद्युतीय सञ्चारका माध्यमबाट बालबालिका दाबी गर्न आउन निजको उमेर तथा हुलिया खुलाई कम्तिमा २१ दिनको म्याद दिई सार्वजनिक सूचना जारी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक सूचना जारी गर्दा प्रचलित कानुनबमोजिम निज बालबालिकाको गोपीनयताको हकको सम्मान गर्नु पर्छ ।

(३) उपदफा (१) बमोजिमको सूचना समेतको आधारमा बालबालिकाको आमाबाबु वा परिवार फेला परेमा तथा परिवारमा पुनर्मिलन गर्नु निजको सर्वोत्तम हितमा हुने देखिएमा पुनर्मिलन गराउनु पर्छ ।

(४) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र बालबालिका दाबी गर्न कोही नआएमा बालकल्याण अधिकारीले नगर बालअधिकार समितिसँग परामर्श गरी निज बालबालिकालाई वैकल्पिक हेरचाहको उपयुक्त विकल्पमा पठाउने निर्णय गर्न सक्नेछ ।

७. **परिवारमा पुनर्मिलन गराई हेरचाहको जिम्मा दिनु पर्ने :** (१) बेवारिस अवस्थामा रहेका तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको आमाबाबु वा परिवार पहिचान भएमा तथा सामाजिक अध्ययन प्रतिवेदन एवम् परिवारको लेखाजोखा समेतको आधारमा परिवारमा बालबालिकाको पुनर्मिलन गराउनु निजको सर्वोत्तम हितमा देखिएमा आमाबाबु तथा परिवारलाई बालबालिकाको हेरचाहको जिम्मा लगाउनु पर्छ ।

(२) बालबालिकाको आमाबाबु दुवै, आमा वा बाबुमध्ये एकजना जिँउदो भए निजसँग, सो नभए परिवारका अन्य वयस्क सदस्यसँग राखी निजको हेरचाहको प्रबन्ध गर्नु पर्छ ।

(३) बन्दी आमा वा बाबुसँग कारागारमा रहेका बालबालिकाको आमा वा बाबुमध्ये एकजना कारागार बाहिर भएमा निजलाई आफूसँग राखेर हेरचाह गर्न जिम्मा दिनु पर्छ ।

(४) उपदफा (२) र (३) बमोजिम परिवारमा पुनर्मिलन गर्दा नगरपालिकाले त्यस्तो आमाबाबु वा परिवारका सदस्यलाई पारिवारिक, आर्थिक (नगद सहयोग) शैक्षिक (छात्रवृत्ति समेत), स्वास्थोपचार, पोषण, दुर्व्यसन उपचार सेवा, मनोसामाजिक परामर्श सेवा, स्वास्थ्य विमा, सामाजिक सुरक्षा कार्यक्रम लगायतका सेवा एवम् सहयोगको व्यवस्था गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको पारिवारिक सेवा तथा सहयोगको व्यवस्था गर्दा सङ्घीय तथा प्रदेश सरकार तथा स्थानीय तहअन्तर्गतका निकायले प्रदान गरेको सेवासँग समन्वय गरी आमाबाबु वा परिवारको पहुँच बढाउन सकिनेछ र कुनै सेवा प्रदायकले प्रदान गरिरहेका सेवा समेत परिचालन गर्न सकिनेछ ।

(६) वडा अध्यक्ष, नगरपालिका वा बालकल्याण अधिकारीले हिंसा, दुर्व्यवहार वा वेवास्ताबाट जोगाउन तथा उपचारका निमित्त प्रचलित कानूनबमोजिम बाहेक बालबालिकालाई आमाबाबु वा परिवारबाट छुट्याउन तथा त्यसको लागि सिफारिश गर्नु, गराउनु हुँदैन ।

८. **जोखिम अवस्थामा रहेका परिवारको पहिचान गरी सहयोग र संरक्षण गर्न सकिने :**(१) बालबालिका वैकल्पिक हेरचाहमा रहनु पर्ने अवस्था नआओस् भनेर जोखिमी अवस्थामा रहेका परिवारको पहिचान गरी राज्यले सामाजिक सुरक्षा सहयोगको प्रबन्ध गर्नु पर्छ र लक्षित परिवारको सक्षमता अभिवृद्धि गर्न योजना बनाई लागु गर्नु पर्छ ।

(२) परिवारमा आमा, बाबु दुवैको शारीरिक वा मानसिक असक्तताको कारणले आफ्नो छोराछोरीलाई उचित हेरचाह, पालनपोषण, शिक्षादीक्षा, स्वास्थ्योपचार तथा संरक्षण प्रदान गर्न असक्षम भएका आमा, बाबु, परिवारलाई सामाजिक सुरक्षा सहयोग (Social Security Assistance) को प्रबन्ध गर्न तथा नगरपालिकाले विशेष सहयोग कार्यक्रम लागु गर्न सक्नेछ ।

(३) आर्थिक हैसियत वा गरिबीको कारणले आफ्नो छोराछोरीको उचित हेरचाह, पालनपोषण, शिक्षादीक्षा,स्वास्थ्य तथा संरक्षण प्रदान गर्न असमर्थ आमा, बाबु परिवारका सदस्य वा संरक्षकलाई लक्षित गरी आर्थिक उपार्जन तथा सामाजिक सुरक्षा सहयोग (Social Security Assistance) को प्रबन्ध गर्न सकिनेछ ।

(४) यस कार्यमा विकास साझेदार संस्थाहरुसँग समन्वय र सहकार्य गर्न सकिनेछ ।

गौरीगङ्गा राजपत्र

९. **जोखिमी अवस्थामा रहेका परिवारलाई लक्षित गर्न सकिने कार्यक्रम** :(१) नगरपालिकाले जोखिमी अवस्थामा रहेका आमा, बाबु वा परिवारबाट बालबालिका अलग नहोउन् र त्यहीँ उचित हेरचाह गर्न सकियोस् भनी देहाय बमोजिमका लक्षित कार्यक्रम लागु गर्न सक्नेछ :

(क) लक्षित परिवारको लागि सामाजिक सुरक्षा सहयोग (Social Security Assistance),

(ख) लक्षित परिवारको लागि गरिबी निवारण वा आयवृद्धि कार्यक्रम,

(ग) लक्षित परिवारलाई आर्थिक अनुदान (Cash Incentive) कार्यक्रम,

(घ) अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम,

(ङ) मनोविमर्श सेवा तथा परिवारमा मनोसामाजिक सहयोग,

(च) बालअधिकार र बालविकाससम्बन्धी सचेतना अभिबृद्धिका कार्यक्रम,

(छ) जोखिम अवस्थाका आमा वा बाबुमध्ये एक मात्र भएको परिवार वा बालबालिका घरमुली भएको परिवारलाई लक्षित गरी परिवार सुदृढीकरण सहयोग कार्यक्रम ।

(२) आमा, बाबु वा परिवारको हेरचाहबाट अलग भई बालबालिका पुनर्मिलन भएको परिवारलाई लक्षित गरी नगरपालिकाले देहायबमोजिमको कार्यक्रम लागु गर्न सक्नेछ :

(क) बालअधिकार र बालविकाससम्बन्धी सचेतना अभिवृद्धिसम्बन्धी कार्यक्रम,

(ख) नियमित अन्तरक्रिया गरी बालबालिका तथा परिवारलाई पुनर्मिलन गर्न, गराउन तयार पार्न लक्षित क्रियाकलाप,

(ग) बालबालिका र परिवारसँग सम्बन्ध स्थापित गराउने उद्देश्यले सामुदायिक छलफल कार्यक्रम,

(घ) मनोविमर्श सेवा तथा परिवारमा मनोसामाजिक सहयोग,

(ङ) अभिभावकीय शिक्षा (Parenting Education) तथा अभिभावकीय सीप अभिवृद्धिका कार्यक्रम।

(३) आमा, बाबु वा परिवारबाट अलग हुने जोखिममा रहेका बालबालिका तथा परिवारलाई सङ्घीय र प्रदेश सरकारले प्रदान गर्ने शैक्षिक सहयोग, छात्रवृत्ति, स्वास्थोपचार सहयोग, आयआर्जन कार्यक्रम, रोजगारी आदिमा विशेष प्राथमिकता दिनु पर्छ ।

(४) उपदफा (१) र (२) बमोजिमका परिवारलाई कुन प्रकारको सेवा, सहयोग आवश्यक छ भन्ने यकीन गर्न नगरपालिकाले लेखाजोखा (Assessment) गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको लेखाजोखा गर्न नगरपालिकाका समाजसेवी तथा नगर बालअधिकार समितिका सदस्यलाई जिम्मेवारी दिन सकिनेछ ।

१०. **वैकल्पिक हेरचाहको आवश्यकता भएको यकिन गर्ने** : (१) बालकल्याण अधिकारीले खास अवस्था वा परिस्थितिमा रहेको बालबालिका वैकल्पिक हेरचाहको आवश्यकता भएका हुन् वा होइनन् भनी यकिन गर्नु पर्छ ।

(२) उपदफा (१) बमोजिम वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाबारे यकिन गर्दा नगर बालअधिकार समितिसँग परामर्श गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाबारे यकिन गर्न बालकल्याण अधिकारीले समाजसेवी तथा बालमनोविज्ञलाई निजको आमाबाबु वा परिवारको लेखाजोखा गरी प्रतिवेदन तयार गर्न लगाउनु पर्छ ।

(४) वैकल्पिक हेरचाहको आवश्यकता भएको बालबालिकाको यकीन गर्दा बालकल्याण अधिकारीले देहायका कागजातलाई प्रमाणमा लिई निजको व्यक्तिगत फाइल तयार गर्नु पर्छ :

गौरीगङ्गा राजपत्र

(क) आमाबाबु दुवैको मृत्यु भएको अवस्थामा स्थानीय पञ्जीधिकारीले जारी गरेको मृत्युदर्ता प्रमाणपत्र,

(ख) कुनै कारणबस आमाबाबुबाट बालबालिका अलग भएको अवस्थामा त्यस्तो स्थितिबारे उल्लेख गरी सम्बन्धित वडाको वडा अध्यक्षले दिएको सिफारिसपत्र,

(ग) कुनै बालबालिका अस्पताल वा अन्यत्र बेवारिस अवस्थामा भेटिएको अवस्थामा सोही व्यहोरा खुलेको सम्बन्धित अस्पताल, प्रहरी कार्यालय, बालबालिका खोजतलास सेवा वा बाल हेल्पलाइन सेवाको सिफारिसपत्र र आमाबाबु वा परिवारको खोजी गर्ने प्रयोजनले निकालिएको सार्वजनिक सूचनाको प्रतिलिपि,

(घ) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएकाले वैकल्पिक हेरचाहको आवश्यकता परेका बालबालिकाको हकमा नगरपालिकाको सोही व्यहोरा खुलेको सिफारिस र गम्भीर अपाङ्गता भएको जनिने अपाङ्गता परिचय-पत्र र दर्तावाला चिकित्सकको सिफारिस,

(ङ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको सर्वोत्तम हितको लागि परिवारबाट अलग गरेको अवस्थामा सम्बन्धित बालकल्याण अधिकारीको सोही व्यहोराको सिफारिस,

(च) अदालतबाट बालबालिकाको सर्वोत्तम हितका निमित्त निजलाई आमा, बाबु वा परिवारबाट अलग राख्नुपर्ने भनी फैसला वा आदेश भएको अवस्थामा त्यस्तो फैसला वा आदेशको प्रतिलिपि,

(छ) समाजसेवीले गरेको निज बालबालिकाको परिवारको लेखाजोखा प्रतिवेदन र बालमनोविज्ञले गरेको अध्ययन प्रतिवेदन,

(ज) नगर बालअधिकार समितिले वैकल्पिक हेरचाहको आवश्यकता भएको बालबालिका हो भनी गरेको निर्णयको प्रतिलिपि ।

(५) उपदफा (४) बमोजिम प्रमाणमा लिइएको कागजातको सत्यतथ्य जाँचपडताल गर्नु पर्नेछ ।

११. **सामाजिक अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने** : (१) बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी निर्णय गर्दा बालकल्याण अधिकारीले तोकिएको ढाँचामा सामाजिक अध्ययन प्रतिवेदन तयार गर्न लगाउनु पर्छ ।

(२) बालकल्याण अधिकारीले परिवारबाट बालबालिका अलग हुन सक्ने जोखिममा रहेका परिवारको संरक्षण गर्न एवम् परिवार सुदृढीकरण गर्ने प्रयोजनका लागि त्यस्तो परिवारको लेखाजोखा गराउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सामाजिक अध्ययन प्रतिवेदन तयार गर्न समाजसेवी, बालमनोविज्ञ, तालिम प्राप्त बालसंरक्षण कार्यकर्ता तथा बालसंरक्षणको क्षेत्रमा क्रियाशील संस्था वा निकायमा कार्यरत दक्ष मानवस्रोतलाई परिचालन गर्न सकिनेछ ।

१२. **बालबालिकाको सर्वोत्तम हित निर्धारण गर्नु पर्ने** : (१) बालबालिकाको जीवनमा दूरगामी असर पर्ने विषयबारे निर्णय गर्ने अख्तियार प्राप्त अधिकारी वा निकायले त्यस्तो निर्णय निजको सर्वोत्तम हितमा भएको सुनिश्चित गर्नु पर्नेछ ।

(२)बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्ध गर्दा बालकल्याण अधिकारीले निजको सर्वोत्तम हित निर्धारण गर्नु पर्छ ।

गौरीगङ्गा राजपत्र

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा बालबालिकाको उमेर पाँच (५) वर्ष वा सोभन्दा माथि रहेछ भने निजलाई त्यस्तो निर्णय र त्यसले पार्ने प्रभावबारे सूचना दिई आफैं वा सहयोगीमार्फत आफ्नो विचार व्यक्त गर्ने अवसर दिनु पर्छ।

(४) उपदफा (३) बमोजिम बालबालिकाले व्यक्त गरेको विचार वा भावनालाई निर्णय गर्ने अधिकारी वा निकायले अभिलेख राखी (टिपोट गरी) उचित मान्यता दिनु पर्छ।

(५) यस दफाबमोजिम बालबालिकाको सर्वोत्तम हित निर्धारण गर्नु पर्ने विषयसँग स्वार्थ बाझिने व्यक्ति, संस्था वा निकायका प्रतिनिधि सर्वोत्तम हित निर्धारणसम्बन्धी प्रक्रियामा सहभागी हुनु हुँदैन।

(६) अख्तियार प्राप्त अधिकारी वा निकायले बालबालिकाको सर्वोत्तम हित निर्धारण गर्दा आवश्यक देखिएमा विज्ञ वा विशेषज्ञको राय लिन सक्नेछ।

(७) बालबालिकाको सर्वोत्तम हित निर्धारणसम्बन्धी अन्य प्रक्रिया प्रचलित कानून तथा कार्यविधिमा व्यबस्था भए बमोजिम हुनेछ।

(८) बालबालिकाको लागि लक्षित सेवाको छनोट गर्दा त्यो उनको आवश्यकता हो कि होइन तथा निजलाई उक्त निर्दिष्ट सेवा उपयुक्त छ वा छैन भनी यकिन गर्नु पर्छ।

## परिच्छेद-३
## अस्थायी संरक्षण सेवा तथा पुनर्स्थापना केन्द्रको व्यवस्था

१३. **अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नु पर्ने** :(१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, वेवारिस अवस्थामा भेटिएका तथा उद्धार गरिएका बालबालिकाको संरक्षण र सुरक्षित बसोबासको व्यवस्था समेतका लागि नगरपालिकाले अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अस्थायी संरक्षण सेवामा बालबालिकालाई एक पटकमा बढीमा छ (६) महिनासम्म राख्न सकिनेछ।

(३) कैलाली लिल्ला वा नगरपालिकाभित्र सार्वजनिक निकाय वा गैरसरकारी संस्थाले सञ्चालन गरेको आवासीय सुविधा सहितको गृहलाई तोकिएको मापदण्डबमोजिम अस्थायी संरक्षण सेवाको रूपमा प्रयोग गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिमका बालबालिकाको संरक्षण गर्न नेपाल सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहले सञ्चालन गरेका अस्थायी संरक्षण सेवासँग समन्वय गरी नगरपालिकाले बालबालिका पठाउन सक्नेछ।

(५) अस्थायी संरक्षण सेवामा देहायबमोजिमको व्यवस्था गर्नु पर्नेछ :

(क) बालबालिकाको खानपिन, आवास, लत्ताकपडा, ओढ्ने ओच्छ्याउनेको व्यवस्था सहित सुरक्षित सुत्ने कोठा वा हल (बालबालिका पिच्छे छुट्टाछुट्टै ओच्छ्यान/बेड र बङ्क बेडको व्यवस्था भएको खण्डमा दुई तलासम्मको मात्र हुनु पर्ने),

(ख) रगत समूह, हेपाटाइटिस, दिसापिसाब, खकार, एचआईभी, यौनजन्य सङ्क्रमण, क्षयरोग तथा अन्य सरूवा रोग आदिको परीक्षण एवम् स्वास्थोपचार,

(ग) स्वास्थकर्मी सहित प्राथमिक उपचारको व्यवस्था,

(घ) कानूनी परामर्श सेवा,

(ङ) मनोविमर्श सेवाको उपलब्धता,

(च) पठनपाठन र शिक्षाको व्यवस्था,

(छ) बालबालिकाको परिवारको खोजी गरी परिवारमा पुनर्मिलन गर्ने व्यवस्था,

(ज) दक्ष र तालिम प्राप्त मानवस्रोतको व्यवस्था,

गौरीगङ्गा राजपत्र

(झ) बालबालिकाको फोटो सहित व्यक्तिगत तथा पारिवारिक विवरण, निज बालबालिकाको हक लाग्ने चल, अचल सम्पत्तिको विवरण, निजको शैक्षिक स्थिति, स्वास्थ्य विवरण, घटना विवरण तथा लेखाजोखा प्रतिवेदन समावेश गरी व्यक्तिगत फाईल तयार गर्ने,

(ञ) खण्ड (ज) बमोजिम बालबालिकाको व्यक्तिगत फाइल तयार गर्दा देहायबमोजिमका तीन (३) ओटा फाइल बनाउन सकिनेछ :

(अ) निजको पहिचान, चल अचल सम्पत्तिसम्बन्धी, दीर्घकालसम्म आवश्यकल पर्ने कानूनी महत्वका कागजात,

(आ) निजको शैक्षिक प्रमाणपत्र तथा शैक्षिक प्रगति विवरण, र

(इ) निजको स्वास्थ्यसम्बन्धी काजजात ।

१४. **अस्थायी संरक्षण सेवामा उपलब्ध गराउनु पर्ने सेवा, सुविधा :** (१) अस्थायी संरक्षण सेवामा देहाय बमोजिमको सेवा, सुविधा उपलब्ध गराउनु पर्छ :

(क) बालबालिकाको स्वास्थोपचारको लागि नजिकको स्वास्थ्य संस्थासँग सम्झौता,

(ख) बालक र बालिकको लागि छुट्टाछुट्टै भवन वा तलामा बसोबास, छुट्टाछुट्टै शौचालय र स्नान कक्षको व्यवस्था,

(ग) अपाङ्गता भएका बालबालिका रहेबसेका भए कम्तिमा पनि भान्छा कोठा, सुत्ने कोठा, पढ्ने कोठा, शौचालय लगायतका स्थानमा पहुँच हुनेगरी अपाङ्गतामैत्री भौतिक पूर्वाधारको व्यवस्था,

(घ) बालबालिकाको उमेर, रूचि, लिङ्ग र अपाङ्गताको किसिमअनुसारको बालमैत्री तथा अपाङ्गमैत्री खेलकुद, मनोरञ्जन, अतिरिक्त क्रियाकलापको व्यवस्था,

(ङ) अस्थायी संरक्षण सेवाको आवास प्राङ्गणमा पर्खाल लगाइएको, कम्पाउण्डमा सिसि टिभी र सुरक्षा गार्डको व्यवस्था सहित सुरक्षा र संरक्षणको प्रबन्ध ।

(२) लागूपदार्थ दुर्व्यसनमा फसेका बालबालिकालाई अन्य बालबालिकाभन्दा अलग्गै राखी हेरचाह गर्ने र सकेसम्म छिटो पुनर्स्थापना केन्द्रमा राखी उपचार गराउनु पर्नेछ ।

(३) अस्थायी संरक्षण सेवामा रहेका औपचारिक शिक्षामा निरन्तरता दिन नसकेका र व्यवसायिक सीप सिक्न चाहने १५ वर्ष उमेर पूरा भएका बालबालिकालाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको व्यवस्था गर्नु पर्नेछ ।

(४) अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाको व्यक्तिगत विवरण प्रचलित कानूनबमोजिम गोपनीय राख्नु पर्छ ।

(५) उपदफा (४) बमोजिम गोप्य राख्नुपर्ने विवरणको गोपनीयता भङ्ग गर्ने व्यक्ति, परिवार, संस्था, अधिकारी वा निकायलाई प्रचलित कानूनबमोजि कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्न सकिनेछ ।

(६) अस्थायी संरक्षण सेवाको भौतिक पूर्वाधार, सेवाको प्रबन्ध, मानव स्रोत व्यवस्थापन, सुरक्षा एवम् संरक्षण लगायतका विषयमा नगरकार्यपालिकाले मापदण्ड लागू गरी थप व्यवस्था गर्न सक्नेछ । त्यस्तो मापदण्ड बनाउँदा नेपाल सरकारले तोकेका मापदण्ड समेतलाई आधार लिनु पर्नेछ ।

१५. **सीपमुलक तालिमको व्यवस्था गर्न सकिने :** (१) विशेष संरक्षणको आवश्यकता भएका, अस्थायी संरक्षण सेवामा रहेका तथा वैकल्पिक हेरचाहमा रहेका १५ वर्ष माथिका बालबालिकालाई



गौरीगङ्गा राजपत्र

नगरपालिकाले व्यवसायिक सीप तथा रोजगारमूलक तालिम प्रदायक संस्था वा निकायसँग समन्वय गरी व्यवसायिक सीप तथा रोजगारमूलक तालिम दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तालिमको व्यवस्था गर्दा बजारको माग र आपूर्ति समेतको अध्ययन गरी गराई तालिमको विषय छान्नु पर्नेछ ।

(३)कुनै बालबालिकाको हकमा व्यवसायिक सीप तथा रोजगारमूलक तालिमको छनोट गर्दा निजको रूचि र उनको शारीरिक अवस्था समेतलाई आधार मान्नु पर्नेछ ।

(४)व्यवसायिक सीप तथा रोजगारमूलक तालिम सञ्चालन गर्दा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिइभिटी) बाट स्वीकृत पाठ्यक्रमबमोजिम गर्न तथा सीप परीक्षण परीक्षामा सामेल गराउन सकिनेछ।

(५) नगरपालिकाले व्यवसायिक सीप तथा रोजगारमूलक तालिम पूरा गरेका बालबालिका तथा किशोरकिशोरीलाई इन्टर्नसीप गर्न, रोजगारीका लागि समन्वय गर्न र व्यवसाय सुरू गर्न बिउ पुँजी अनुदानको रुपमा उपलब्ध गराउन सक्नेछ ।

(६) उपदफा (५) को प्रयोजनका लागि नेपाल सरकार, प्रदेश सरकार र अन्य स्थानीय तह तथा तिनका कार्यक्रमसँग समन्वय गर्न सकिनेछ ।

१६. **अस्थायी संरक्षण सेवामा आवश्यक कर्मचारीको व्यवस्था गर्नु पर्ने :** (१) ३० जना बालबालिका राख्ने क्षमता भएको अस्थायी संरक्षण सेवामा कम्तीमा देहायबमोजिमका कर्मचारीको व्यवस्था हुनु पर्छ :

(क) प्रमुख/व्यवस्थापक, १ जना, (पूर्णकालिक तथा आवासीय कर्मचारीका रूपमा,)

(ख) हेरचाहकर्ता (केयर गिभर), २ जना, (पूर्णकालिक तथा आवासीय कर्मचारीका रूपमा,)

(ग) भान्से/सहयोगी, २ जना, (पूर्णकालिक तथा आवासीय कर्मचारीका रूपमा,)

(घ) शिक्षक, २ जना (खेलकुद समेत), (आंशिक समय काम गर्ने कर्मचारीका रूपमा,)

(ङ) मनोविमर्शकर्ता, १ जना, (आंशिक समय काम गर्ने विज्ञका रूपमा,)

(च) स्वास्थ्यकर्मी, १ जना, (आंशिक समय काम गर्ने कर्मचारीका रूपमा)

(छ) सुरक्षा-गार्ड १ जना (पूर्णकालिन तथा आवासीय कर्मचारीका रूपमा) ।

(२) अस्थायी संरक्षण सेवामा उपदफा (१) मा तोकिएको बालबालिकाको सङ्ख्या बढेमा सोही अनुपातमा नगरकार्यपालिकाले निर्णय गरी कर्मचारीको सङ्ख्या बढाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कर्मचारीको कार्य-विवरण, सेवाको शर्त तथा सुविधा नगरकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) बालकल्याण अधिकारीले समाजसेवी तथा बालमनोविज्ञलाई पुनर्स्थापना केन्द्रमा संरक्षित बालबालिकाको हक हितको लागि कार्य गर्न खटाउन सक्नेछ ।

१७. **पुनर्स्थापना केन्द्रको स्थापना गर्न सकिने :**(१) ऐनको दफा ७१ बमोजिम बालबालिकाबिरूद्धको कसूरबाट पीडित बालबालिकाको संरक्षण गर्न नगरपालिकाले आवश्यकताबमोजिम पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्नेछ ।

(२)पुर्नस्थापना केन्द्रमा देहायका सेवा उपलब्ध हुनु पर्छ :

(क) बालबालिकालाई खाने, बस्ने, सरसफाइ सहितको आधारभूत सेवा, सुविधा,

(ख) बालबालिकालाई लगाउने वा फेर्ने दुई जोर कपडा (मौसमअनुसार),

(ग) बालबालिकालाई सुत्नका निमित्त छुट्टै कोठा वा एकै उमेर समूह र लिङ्गका बालबालिका बस्ने सुत्ने कोठा वा हल (बालबालिका पिच्छे छुट्टाछुट्टै

ओच्छ्यान/बेड र बङ्क बेडको व्यवस्था भएको खण्डमा दुई तलासम्मको मात्र हुनु पर्ने),

(घ) बालबालिकाको शारीरिक तथा मानसिक अवस्थाअनुरूप हुनेगरी उपलब्ध गराउनु पर्ने अन्य सेवा, सुविधा,

(ङ) मनोविमर्श सेवा तथा मनोसामाजिक सहयोग,

(च) प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था र आपतकालीन स्थितिमा तत्कालै अस्पताल लान सकिने गरी गरिएको व्यवस्था,

(च) औपचारिक तथा अनौपचारिक शिक्षा तथा व्यवसायिक तालिमको प्रावधान,

(छ) आमाबाबु, अभिभावक तथा परिवारको खोजी गर्ने, कुराकानी तथा भेटघाटको व्यवस्था तथा पारिवारिक परामर्श, र

(ज) बालबालिकाको सहमतिका आधारमा पारिवारिक वा अन्य स्थानमा पुनर्स्थापना गर्ने व्यवस्था ।

(३) २० जना बालबालिका राख्ने क्षमता भएको पुनर्स्थापना केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्न कम्तीमा देहायबमोजिमका कर्मचारीको व्यवस्था हुनु पर्छ :

(क) प्रमुख/व्यवस्थापक, १ जना, (पूर्णकालिक तथा आवासीय कर्मचारीका रूपमा,)

(ख) हेरचाहकर्ता (केयर गिभर), २ जना, (पूर्णकालिक तथा आवासीय कर्मचारीका रूपमा,)

(ग) भान्से/सहयोगी, २ जना, (पूर्णकालिक तथा आवासीय कर्मचारीका रूपमा,)

(घ) स्वास्थ्यकर्मी, १ जना, (आंशिक समय काम गर्ने कर्मचारीका रूपमा,)

(ङ) मनोविमर्शकर्ता, १ जना, (आंशिक समय काम गर्ने विज्ञका रूपमा,)

(च) शिक्षक, २ जना, (आंशिक समय काम गर्ने कर्मचारीका रूपमा,)

(छ) कानूनी सल्लाहकार, १ जना, (आंशिक समय काम गर्ने विज्ञका रूपमा,)

(ज) सुरक्षा-गार्ड १ जना (पूर्णकालिन तथा आवासीय कर्मचारीका रूपमा) ।

(४) पुनर्स्थापना केन्द्रमा उपदफा (३) मा तोकिएको बालबालिकाको सङ्ख्या बढेमा सोही अनुपातमा नगरकार्यपालिकाले निर्णय गरी कर्मचारीको सङ्ख्या बढाउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको कर्मचारीको कार्य-विवरण, सेवाको शर्त तथा सुविधा नगरकार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।

(६) बालकल्याण अधिकारीले समाजसेवी तथा बालमनोविज्ञलाई समयतोकी पुनर्स्थापना केन्द्रमा संरक्षित बालबालिकाको हक हितको कार्य गर्न खटाउन सक्नेछ ।

१८. **संस्थालाई पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालन गर्न दिन सकिने :** (१) ऐन र नियमावलीबमोजिम बालगृह सञ्चालन गर्न तोकिएको योग्यता पुगेको संस्थालाई प्रचलित कानून र यस कार्यविधिबमोजिम पुनर्स्थापना केन्द्र सञ्चालन गर्न स्वीकृति दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालित पुनर्स्थापना केन्द्रलाई नगरपालिकाले आर्थिक, भौतिक तथा मानवीय सहयोग उपलब्ध गराउन सक्नेछ ।

१९. **बालबालिका खोजतलास सेवा र बाल हेल्पलाइन सेवा सञ्चालनमा समन्वय गर्नु पर्ने :** (१) हराएका बालबालिकाको खोजी, पहिचान तथा परिवारमा पुनर्मिलन गराउन वा फेला परेका बालबालिकाको परिवारको खोजी एवम् पहिचान गरी परिवारमा पुनर्मिलन गराउन बालबालिका

खोजतलास सेवा (निःशुल्क टेलिफोन नं. १०४) सञ्चालनको लागि नगरपालिकाले समन्वय गर्न सक्नेछ ।

(२)बालबालिकाविरूद्धको हिंसाबाट पीडित वा प्रभावित बालबालिकाको तत्काल उद्दार तथा संरक्षण गर्नका लागि नेपाल सरकारले तोकेको कार्यविधिबमोजिम नगरपालिकाले बाल हेल्पलाइन ( निःशुल्क टेलिफोन नं. १०९८) सञ्चालन गर्न, गराउन सक्नेछ ।

(३) बालबालिका खोजतलास सेवा तथा बाल हेल्पलाइनको सञ्चालनसम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले लागु गरेको कार्यविधिबमोजिम हुनेछ ।

२०. **आवधिक अनुगमन गर्नु पर्ने :** (१) नगर बालअधिकार समितिले नगरपालिकाभित्र सञ्चालित अस्थायी संरक्षण सेवा, पुनर्स्थापना केन्द्र, बालबालिका खोजतलास सेवा तथा बाल हेल्पलाइन सेवा एवम् त्यहाँ संरक्षित बालबालिकाको स्थितिबारे कम्तीमा वर्षमा दुई (२) पटक अनुगमन गर्नु पर्छ ।

(२) उपदफा (१) बमोजिम अनुगमनको प्रतिवेदन नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-४
## वैकल्पिक हेरचाहको प्रबन्ध

२१. **वैकल्पिक हेरचाहको व्यवस्था गर्न सकिने :** (१) ऐनको दफा ४९ को उपदफा (१) तथा यस कार्यविधिबमोजिम वैकल्पिक हेरचाहको प्रबन्ध गर्नु पर्ने देखिएका बालबालिकाको हेरचाह गर्न नगरपालिकाको बालअधिकार समितिसँग छलफल गरी बालकल्याण अधिकारीले वैकल्पिक हेरचाहमा लिन चाहने नातेदार, इच्छुक परिवार वा व्यक्ति, परिवारमा आधारित हेरचाह गर्ने संस्था वा बालगृहलाई तोकिएको ढाँचामा निवेदन पेश गर्न १५ दिने सूचना प्रकाशित गर्नु पर्छ ।

(२) उपदफा (१) बमोजिमको निवेदन तथा नेपाल सरकारले तोकेको मापदण्ड एवम् यस कार्यविधिबमोजिमको योग्यता पुगेका हेरचाहकर्तालाई ऐनको दफा ४९ को उपदफा (२) मा तोकिएको प्राथमिकताको आधारमा अध्ययन गरी उपयुक्त देखिएको निवेदक छनोट गरी बालकल्याण अधिकारीले सोही व्यवहोराको निर्णय प्रकाशित गर्नु पर्छ ।

(३) उपदफा (२) बमोजिम छनोट गरिएको वैकल्पिक हेरचाहकर्ता व्यक्ति, परिवार वा संस्था त्यस्तो सेवा दिनका लागि उपयुक्त छैन भनी उजुरी परेमा बालकल्याण अधिकारीले नगर बालअधिकार समितिसँग परामर्श गरी सोउपर जाँचबुझ गरी सोही निर्णयलाई समर्थन गर्न वा अन्य उपयुक्त व्यक्ति, परिवार वा संस्थालाई छनोट गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम वैकल्पिक हेरचाहकर्ता तोकिएको व्यक्ति वा परिवारलाई निज बालबालिकाको संरक्षक तोक्न बालकल्याण अधिकारीले प्रचलित कानूनबमोजिम सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सहयोग गर्नु पर्छ ।

(५) बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्ध गर्दा बालकल्याण अधिकारीले निजको जन्मदर्ता नभएको भए जन्मदर्ता गरिदिने व्यवस्था मिलाउनु पर्छ ।

(६) वैकल्पिक हेरचाह गर्ने व्यक्ति, परिवार तथा संस्थाले बालबालिका जिम्मा लिएपछि निजको हेरचाह, शैक्षिक प्रगति, स्वास्थ्य स्थिति, परिवारका सबै सदस्यसँग घुलमिल लगायतका विषय समावेश गरी वर्षमा दुई पटक बालकल्याण अधिकारीलाई विवरण बुझाउनु पर्छ ।

(७) उपदफा (६) बमोजिमको विवरण उपलब्ध गराउने प्रयोजनका लागि निज बालबालिका अध्ययनरत विद्यालयका कक्षा-शिक्षक समेतको सहयोग लिन सकिनेछ ।

गौरीगङ्गा राजपत्र

२२. **वैकल्पिक हेरचाहको प्रबन्ध गर्नु पर्ने** : (१) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाई देहायको प्राथमिकताका आधारमा बालकल्याण अधिकारीले हेरचाहको व्यवस्था गर्नु पर्छ :

(क) बालबालिकाको आमा वा बाबुको तर्फका नातेदारसँग राखेर गरिने हेरचाह,

(ख) बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिसँग राखेर गरिने हेरचाह,

(ग) बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्थामा गरिने हेरचाह,

(घ) बालगृहमा गरिने हेरचाह ।

(२) उपदफा (१) बमोजिम वैकल्पिक हेरचाहको प्रबन्ध गर्दा बालबालिकाको आवश्यकता, निजको लागि उपयुक्त हुने स्वरूपको वैकल्पिक हेरचाहको छनोट तथा बालबालिकाको सर्वोत्तम हितअनुरूप हुनेगरी निर्णय गर्नु पर्छ ।

(३) उपदफा (१) बमोजिम सबै स्वरूपको वैकल्पिक हेरचाहमा बालबालिकालाई राख्दा निजको उमेर, अवस्थाअनुरूप हुनेगरी बसोबास, खानपीन, पालनपोषण, स्वास्थ्योपचार, शिक्षा तथा संरक्षण लगायतका आधारभुत अधिकार सुनिश्चित गरिनु पर्नेछ ।

२३. **आमा वा बाबुको तर्फका नातेदारसँग राखेर गरिने हेरचाहको प्रबन्ध** :(१) बालबालिकाको आमा वा बाबुको तर्फका नातेदारसँग राखेर हेरचाहको प्रबन्ध गर्दा प्रचलित कानूनबमोजिम नजिकका नातेदारको क्रम, निज बालबालिका र परिवारको इच्छा, परिवारको आर्थिक वा भौतिक अवस्था तथा पारिवारिक सौहार्दता समेतको लेखाजोखा गरी निर्णय गर्नु पर्छ ।

(२) उपदफा (१) बमोजिम नजिकका नातेदारको क्रम तोक्दा बालकल्याण अधिकारीले बालबालिकाको बाबु र आमा तर्फका नातेदार को-को छन् तिनको विवरण वा सूची तयार गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा (१) मा तोकिएका शर्त समेतका आधारमा आमा वा बाबुको तर्फका नातेदारसँग राखी हेरचाहको प्रबन्ध गर्दा बाबुतर्फका नजिकका नतेदारलाई प्राथमिकता दिनु पर्छ ।

(४) उपदफा (१) बमोजिम हेरचाहको लागि नजिकका नातेदार छनोट गर्दा बालबालिकाको खानपान, पालनपोषण, लुगाफाटो (ओढ्ने ओच्छ्याउने, मौसमअनुसार लगाउने लुगा आदि), नुहाउने कोठा/शौचालय, घरमा पढनको लागि ठाउँ (वा टेवल मेच) तथा निज बालबालिकाको स्वास्थ्य, शिक्षा लगायतका आधारभुत आवश्यक्ता र अधिकारको व्यवस्था गर्न सक्ने आर्थिक क्षमता भएको हुनु पर्छ ।

(५) वैकल्पिक हेरचाहका लागि छानिएको नातेदारको घरपरिवारबाट विद्यालय तथा स्वास्थ्य संस्था सहजै पहुँचमा रहेको हुनु पर्छ र घरबाट आधा घण्टाभन्दा टाढा विद्यालय भएमा यातायातको व्यवस्था गरिएको हुनु पर्छ ।

(६) वैकल्पिक हेरचाहका लागि नातेदार परिवारको छनोट गर्दा पाँच वर्षभन्दा बढी उमेरका बालबालिकाको हकमा उक्त परिवारमा बस्नेबारे निजको विचार बुझ्नु पर्छ र उनले त्यस परिवारलाई स्वीकार गरेको हुनु पर्छ ।

२४. **हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिसँग राखेर गरिने हेरचाहको प्रबन्ध** : (१) बालबालिकाको वैकल्पिक हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिसँग राखेर हेरचाहको प्रबन्ध गर्दा नगरपालिकाले त्यस्तो परिवार वा व्यक्तिसँग तोकिएको ढाँचामा निवेदन लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिएका इच्छुक परिवार वा व्यक्ति बालबालिकालाई परिवारको सदस्य सरह व्यवहार गरी खानपान, पालनपोषण, लुगाफाटो (ओढ्ने ओच्छ्याउने, मौसमअनुसार लगाउने लुगा आदि), नुहाउने कोठा/शौचालय, घरमा पढनको लागि ठाउँ (वा टेवल मेच) तथा निजको स्वास्थ्य,

गौरीगङ्गा राजपत्र

शिक्षा लगायतका आधारभुत अधिकार तथा आवश्यक्ताको व्यवस्था गर्न सक्ने आर्थिक वा भौतिक अवस्था भएको हो भनी यकिन गर्न समाजसेवीलाई लेखाजोखा गर्ने जिम्मा दिनु पर्छ ।

(३) उपदफा (२) बमोजिम लेखाजोखा प्रतिवेदनले उक्त इच्छुक परिवार वा व्यक्ति वैकल्पिक हेरचाहको लागि उपयुक्त देखिएमा सोही व्यहोरा खुलाई नगरपालिकामा सूचीकृत गर्नु पर्छ ।

(४) उपदफा (३) बमोजिम सूचीकृत परिवार वा व्यक्तिलाई नगर बालअधिकार समितिसँग परामर्श गरी बालकल्याण अधिकारीले हेरचाहको लागि बालबालिका दिने निर्णय गरी नगरपालिकाको तर्फबाट अवधि समेत तोकी सम्झौता गर्नु पर्छ ।

(५) वैकल्पिक हेरचाहका लागि इच्छुक परिवार वा व्यक्तिको छनोट गर्दा पाँच वर्षभन्दा बढी उमेरका बालबालिकाको हकमा उक्त परिवार वा व्यक्तिसँग बस्नेबारे निजको विचार बुझ्नु पर्छ र उनले त्यसलाई स्वीकार गरेको हुनु पर्छ ।

(६) वैकल्पिक हेरचाहका लागि छानिएको परिवारबाट विद्यालय तथा स्वास्थ्य संस्था सहजै पहुँचमा रहेको हुनु पर्छ ।

२५. **आमा वा बाबु तर्फका नातेदार परिवार तथा हेरचाहका लागि इच्छुक परिवार तथा व्यक्तिको योग्यता :** (१) ऐन, नियमावली तथा अन्य प्रचलित कानूनमा भएको व्यवस्थाका अतिरिक्त वैकल्पिक हेरचाहका लागि छानिने नातेदार परिवार तथा हेरचाहका लागि इच्छुक परिवारका घरमुली वा परिवारका सदस्यको योग्यता देहायबमोजिम भएको हुनु पर्छ :

(क) शारीरिक वा मानसिक रूपमा बालबालिकाको हेरचाह गर्न सक्षम भएको,

(ख) पूर्ण असक्त अपाङ्गता वा अति असक्त अपाङ्गता नभएको,

(ग) दीर्घकालसम्म उपचार गर्नु पर्ने रोग, मानसिक रोग नलागेको तथा लागूपदार्थ दुर्व्यसन वा कुलतमा नफसेको भनी मान्यता प्राप्त चिकित्सकले सिफारिस गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोग, घरेलु हिंसा वा बालबालिकाविरूद्धको कसूरमा अदालतबाट कसूरदार नठहरिएको,

(ङ) समाजमा घुलमिल हुने र समाजमा स्वीकार्य व्यवहार गर्ने ठानिएको,

(च) वैकल्पिक हेरचाहको सम्बन्धमा समाजसेवीले गरेको लेखाजोखा प्रतिवेदनमा उपयुक्त ठहऱ्याइएको ।

२६. **नातेदार तथा हेरचाहका लागि इच्छुक परिवारमा बालबालिका पठाउँदा व्यक्तिगत फाइल खडा गर्नु पर्ने :** (१) नातेदार तथा हेरचाहका लागि इच्छुक परिवारमा बालबालिका पठाउँदा देहायबमोजिमका कागजात तथा विवरण समावेश गरी व्यक्तिगत फाइल खडा गर्नु पर्छ :

(क) वैकल्पिक हेरचाहको अवश्यकता भएको बालबालिका हो भनी दिएको बालकल्याण अधिकारीको सिफारिस,

(ख) आमा बाबुको मृत्यु भएको भए, मृत्यु दर्ता प्रमाणपत्र र अन्य कुनै कारणले आमा बाबु पत्ता नलागेको भए सोही व्यहोराको सम्बन्धित वडा कार्यालय वा प्रहरीको रिपोर्ट,

(ग) समाजसेवीको परिवारको लेखाजोखा प्रतिवेदन र बालमनोविज्ञको मनोवैज्ञानिक प्रतिवेदन,

(घ) बालबालिकाको जन्मतदर्ताको प्रमाणपत्र,

(ङ) बालबालिका विद्यालयमा अध्ययन गरी रहेका भए शैक्षिक प्रमाणपत्र र आवश्यकताअनुसार स्थानान्तरण प्रमाणपत्र,

(च) बालबालिकाको स्वास्थ्यसम्बन्धी विवरण-खोप लिएको विवरण तथा कुनै रोग भएमा त्यसबारे जानकारी,



गौरीगङ्गा राजपत्र

(छ) बालबालिकाको हक लाग्ने सम्पत्तिको विवरण, सम्पत्ति सुरक्षाको प्रक्रिया, सम्पत्ति सुरक्षाका लागि जिम्मा दिइएको संरक्षकको विवरण तथा सम्मत्तिबारे सम्बन्धित वडा र मालपोत कार्यालयलाई दिइएको जानकारी,

(ज) नगरपालिकाले परिवारलाई बालबालिका बुझाएको तथा परिवारले बुझिलिएको कागज,

(झ) नगरकार्यपालिकाले निर्णय गरी तोकेका अन्य कागजात ।

(२) उपदफा (१) बमोजिमको कागजातको सक्कल प्रति फायलमा नत्थी गरी बालबालिकाको हेरचाहको जिम्मा लिने परिवारलाई राख्न दिई त्यसको फोटोकपी वा सफ्टकपी बालकल्याण अधिकारीले सुरक्षित रूपमा राख्नु पर्नेछ ।

२७. **पारिवारिक घरभेट गरी बालबालिकाको स्थिति अनुगमन गर्नु पर्ने :** (१) वैकल्पिक हेरचाहका लागि बालबालिकालाई परिवारको जिम्मामा दिएपछि बालकल्याण अधिकारीले नगर बालअधिकार समितिसँग मिलेर कम्तीमा वर्षको दुईपटक परिवारमा घरभेट गरी बालबालिकाको स्थितिबारे अनुगमन गर्नु पर्छ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा बालबालिकाको उमेरअनुरूपको शारीरिक विकास,मानसिक अवस्था, परिवारमा घुलमिल तथा सामाजिकीकरणको स्थिति, शिक्षाको स्थिति लगायतका विषयबारे जानकारी लिई सो को अभिलेखीकरण गर्नु पर्छ ।

(३) उपदफा (१) बमोजिम अनुगमनका लागि घरभेट गर्दा आफूलाई अप्ठ्यारो पर्दा वा कुनै समस्याको समाधान उक्त हेरचाह गर्ने परिवारले गर्न नसक्ने लागेमा बालबालिकाले बालकल्याण अधिकारी, वडा अध्यक्ष वा सदस्य तथा नगर बालअधिकार समितिका अध्यक्ष वा सदस्यलाई भन्न सक्ने बारे उनलाई बताउनु पर्नेछ ।

(४) कुनै कारणबस हेरचाहको लागि राखिएको नातेदार तथा इच्छुक परिवारबाट बालबालिकालाई बीचमा नै अलग गर्नु परेको खण्डमा देहयबमोजिम गर्नु पर्छ :

(क) परिवार तथा बालबालिकाको सम्बन्धमा आएका समस्याबारे समाजसेवीलाई अध्ययन गराई लेखाजोखा प्रतिवेदन बनाउनु पर्ने,

(ख) खण्ड (क) बमोजिम प्रतिवेदन समेतको आधारमा उक्त परिवारबाट बालबालिका अलग गर्न आवश्यक देखिएमा बालकल्याण अधिकारीले त्यस्तो परिवार र बालबालिकासँग अलगअलग छलफल गरी निर्णय लिनु पर्ने,

(ग) परिवारबाट बालबालिका अलग गर्नु अगावै निजको हेरचाहको लागि अर्को परिवार वा अन्य स्वरूपको वैकल्पिक हेरचाहको व्यवस्था गर्नु पर्ने,

(घ) खण्ड (ग) बमोजिम बालबालिकाको हेरचाहको लागि अर्को परिवारको पहिचान गर्नु अगावै तत्काल निजलाई त्यहाँबाट अलग गर्नु परेमा अल्प अवधिका लागि निजलाई अस्थायी संरक्षण सेवामा संरक्षण गर्न सकिने,

(ङ) बालबालिकालाई परिवारबाट अलग गरिएपछि निजको व्यक्तिगत फाइल र सम्पूर्ण सक्कल कागजात बालकल्याण अधिकारीले जिम्मा लिई निजको हेरचाहको जिम्मा लिने नयाँ परिवारलाई उक्त फाइल जिम्मा लगाउनु पर्ने ।

२८. **परिवारमा आधारित हेरचाह गर्ने संस्थासम्बन्धी व्यवस्था र हेरचाहको प्रबन्धः** (१) बालबालिकालाई वैकल्पिक हेरचाह प्रदान गर्न प्रचलित कानून बमोजिम दर्ता भएका संस्थाले परिवारमा आधारित हेरचाहको प्रबन्ध गर्न सक्नेछ ।

(२) नगरपालिका भित्र परिवारमा आधारित हेरचाह गर्ने संस्थाले सोही प्रयोजन खुलाई तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन दिएका परिवारमा आधारित हेरचाह गर्ने संस्थाको नगर बालअधिकार समितिले अनुगमन गरी नेपाल सरकारले तोकेको मापदण्ड तथा यस कार्यविधिबमोजिमको शर्त र प्रक्रिया पुरा भएको यकिन गरी नगरपालिकामा प्रतिवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनले मापदण्ड तथा शर्त र प्रक्रिया पुरा भएको संस्थालाई परिवारमा आधारित हेरचाह प्रदान गर्नेगरी नगरपालिकामा सूचीकृत गर्नु पर्नेछ ।

(५) बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्थाले देहायबमोजिम गर्नु, गराउनु पर्छ :

(क) ६ देखि ८ जना बालबालिकाका निमित्त कम्तिमा एक जना हेरचाहकर्ता हुनु पर्ने,

(ख) खण्ड (क) बमोजिमका बालबालिका तथा हेरचाहकर्ता एउटै घरमा एकै परिवारका रूपमा बस्ने व्यवस्था गर्नु पर्ने,

(ग) बालबालिका तथा हेरचाहकर्ताले परिवारका सदस्य सरह आफ्नो उमेर, शारीरिक अवस्थाअनुरूप हुनेगरी घरायासी कामकाजमा सहयोग गर्नु पर्ने,

(घ) सामाजिक तथा सांस्कृतिक परिवेशअनुसार एकै परिवारमा बस्ने बालबालिका दाजुभाइ वा दिदीबहिनीका रूपमा एक अर्कासँग सम्बन्धित हुन प्रेरित गर्नु पर्ने,

(ङ) परिवारमा आधारित हेरचाह प्रदान गर्ने संस्थाले कुनै निश्चित छरछिमेकमा कम्तीमा तीन ओटा परिवार बस्न अलग अलग घर-फ्ल्याटको व्यवस्था गरी १८ देखि २४ जना बालबालिकाको हेरचाह गर्नु पर्ने ।

(६) नगरपालिका भित्र परिवारमा आधारित हेरचाह गर्ने संस्थाले नेपाल सरकार तथा नगरपालिकाले तोकेको कार्यविधि तथा मापदण्डको पालना गर्नु पर्छ ।

(७) नगरपालिकाभित्र परिवारमा आधारित हेरचाह गर्ने संस्था नभएमा वा त्यस्तो संस्था सूचीकृत हुन नआएमा नजिकैको अर्को स्थानीय तह वा कैलाली जिल्लामा सूचीकृत भै सञ्चालनमा रहेको संस्थासँग समन्वय गरी वैकल्पिक हेरचाहका लागि बालबालिका पठाउन सकिनेछ ।

२९. **बालगृहको स्थापना तथा सञ्चालन गर्न सकिनेः** (१) नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा रहेबसेका वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको हेरचाह गर्न बालगृह स्थापना, सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्दा नगरपालिका एक्लैले वा नजिकका एक वा एकभन्दा बढी स्थानीय तहसँग मिलेर बालगृहको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न सकिनेछ ।

(३) बालकल्याण अधिकारीले ऐनको दफा ४९ (२) को खण्ड (क), (ख) र (ग) अर्थात यस कार्यविधिको दफा २२, २३ र २७ बमोजिमको प्राथमिकताका आधारमा वैकल्पिक हेरचाहको प्रबन्ध गर्न नसकिएका बालबालिकालाई यस दफाबमोजिमको बालगृहमा हेरचाहको लागि पठाउनु पर्छ ।

३०. **संस्थाले परिवारमा आधारित हेरचाह तथा बालगृहको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेः** (१) बालबालिकालाई वैकल्पिक हेरचाह प्रदान गर्ने उद्देश्यले प्रचलित कानूनबमोजिम दर्ता

भएका संस्थाले परिषदबाट अनुमति लिई परिवारमा आधारित हेरचाह तथा बालगृहको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाभित्र स्थापना तथा सञ्चालन भएको संस्थाले तोकिए बमोजिम नगरपालिकामा सूचीकृत गर्नु पर्नेछ ।

(३) नगर बालअधिकार समितिले उपदफा (१) बमोजिमको संस्थाले नेपाल सरकार तथा परिषदबाट तोकिएको मापदण्डको पालना गरे नगरेको अनुगमन गरी प्रतिवेदन बुझाउन उपसमिति बनाउन सक्नेछ ।

(४)उपदफा (३) बमोजिमको उपसमितिले अन्य कुराका अतिरिक्त परिवारमा आधारित हेरचाह गर्ने संस्था तथा बालगृहको देहायका विषयमा अनुगमन वा अध्ययन गरी प्रतिवेदन पेश गर्नु पर्नेछ :

(क) सुरक्षित, सुविधाजनक र पहुँचयुक्त भवन तथा भौतिक सेवा सुविधा,
(ख) तोकिएको संख्यामा सक्षम वा तालिम प्राप्त मानवस्रोतको व्यवस्था,
(ग) परिवारमा आधारित हेरचाह गर्ने संस्था वा बालगृह सञ्चालन गर्नको लागि आगामी तीन (३) वर्षसम्मको लागि स्रोतको सुनिश्चितता,
(घ) संस्थाका पदाधिकारी, सदस्य तथा कर्मचारीको योग्यता नेपाल सरकार एवम परिषदबाट तोकिए बमोजिम भए नभएको ।

(५) उपदफा (३) बमोजिमको प्रतिवेदनले सम्बन्धित संस्थालाई परिवारमा आधारित हेरचाह गर्न तथा बालगृहको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न उपयुक्त छ भनी सिफारिस गरेमा नगरपालिकाले त्यस्तो संस्थालाई सूचीकृत गरी अनुमति दिनु पर्छ ।

(६) नगरपालिका भित्र स्थापना तथा सञ्चालन भएको परिवारमा आधारित हेरचाह गर्ने संस्था वा बालगृहमा बालकल्याण अधिकारीको सिफारिस बिना बालबालिकालाई भर्ना गर्न पाइने छैन ।

(७) परिवारमा आधारित हेरचाह गर्ने संस्था वा बालगृहसम्बन्धी अन्य व्यवस्था नेपाल सरकार तथा परिषदले तोकेको मापदण्डबमोजिम हुनेछ ।

३१. **परिवारमा आधारित हेरचाह गर्ने संस्था तथा बालगृहको योग्यता** : परिवारमा आधारित हेरचाह गर्ने संस्था तथा बालगृहको योग्यता देहायबमोजिम हुनु पर्छ :

(क) बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्था वा बालगृह सञ्चालन गर्ने संस्थाको विधानमा सोही उद्देश्य राखी प्रचलित कानूनबमोजिम दर्ता भएको,
(ख) नेपाल सरकार तथा परिषदले तोकेको मापदण्ड तथा यस कार्यविधिबमोजिमको सर्त तथा प्रक्रिया पुरा गरेको ।

३२. **धर्मपुत्र वा पुत्री राख्न सहजीकरण गर्नु पर्ने** :(१) यस कार्यविधिको दफा ३ को खण्ड (क) र (च) बमोजिमका बालबालिकालाई स्थायी हेरचाहका निमित्त इच्छुक परिवारलाई धर्मपुत्र वा धर्मपुत्री राख्न बालकल्याण अधिकारीले सहजीकरण गर्नु पर्छ ।

(२) उपदफा (१) बमोजिमका बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्री राख्न प्रचलित कानूनबमोजिम योग्यता पुगेको व्यक्तिले निवेदन दिएमा र उक्त निवेदन उपर जाँचबुझ गर्दा निज व्यक्तिलाई धर्मपुत्र वा धर्मपुत्री दिन उपयुक्त देखिएमा बालकल्याण अधिकारीले आफ्नो सिफारिस सहित सम्बन्धित अदालतमा निवेदन दिन सहजीकरण गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अदालतले लिखत प्रमाणित गरी धर्मपुत्र वा धर्मपुत्री राखिएको बालबालिकाको वैयक्तिक फाइलमा सोही व्यहोरा उल्लेख गरी निज बालबालिका वयस्क नभएसम्म नगरपालिकाले सुरक्षित राख्नु पर्नेछ ।

३३. **बालकल्याण अधिकारीलाई जानकारी दिनु पर्ने** :वैकल्पिक हेरचाहमा रहेका बालबालिकालाई जटिल प्रकृतिको स्वास्थोपचार गर्नु परेमा वा निजको जीवनमा दुरगामी प्रभाव पर्ने निर्णय गरिँदा हेरचाह गर्ने परिवार वा संस्थाले बालकल्याण अधिकारीलाई सकेसम्म छिटो जानकारी दिनु पर्छ ।

## परिच्छेद-५
## वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको स्थिति अनुगमन तथा पुनर्एकीकरण

३४. **वैकल्पिक हेरचाहमा राखिएको बालबालिकाको स्थितिको अनुगमन** :(१) नगर बालअधिकार समितिले नगरपालिकाभित्र वैकल्पिक हेरचाहको प्रबन्ध तथा त्यहाँ संरक्षित बालबालिकाको स्थितिबारे कम्तीमा वर्षको दुई पटक अनुगमन गर्नु पर्छ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन गरिँदा समाजसेवी तथा बालमनोविज्ञलाई परिचालन गर्न किनेछ ।

(३) नगरपालिकाको भौगोलिक क्षेत्र बाहिर वैकल्पिक हेरचाहमा पठाइएका वा अर्को स्थानीय तहमा परिवार सहित बसाइसराइ गरी गएका बालबालिकाको स्थितिको अनुगमनका निमित्त बालकल्याण अधिकारीले सम्बन्धित स्थानीय तहमा व्यक्तिगत फाइल सहित बालबालिकाको विवरण पठाइदिनु पर्छ ।

(४) उपदफा(३) बमोजिम नगरपालिकाको भौगोलिक क्षेत्र बाहिर वैकल्पिक हेरचाहमा पठाइएका बालबालिकाको अनुगमनको आधारमा निजको स्थितिबारे सङ्छिप्त विवरण तयार गरी वार्षिक रूपमा निजको स्थायी बसोबास वा थातथलो भएको स्थानीय तहमा पठाउनु पर्नेछ ।

(५) उपदफा(२) बमोजिम विवरण प्राप्त भएपछि प्रचलित कानूनबमोजिम वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको स्थिति अनुगमन गर्ने जिम्मा सोही स्थानीय तहको बालकल्याण अधिकारीको हुनेछ ।

(६) उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदन बालकल्याण अधिकारीमार्फत नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(७) यस दफाबमोजिमको अनुगमनका आधारमा बालबालिकालाई उचित हेरचाह नगरेको पाइएमा नगरपालिकाले त्यस्तो हेरचाहकर्तालाई सचेत गराउन, प्रचलित कानूनबमोजिम कारबाहीका लागि न्यायिक समिति वा अन्य निकायमा सिफारीस गर्न सक्नेछ ।

(८) उपदफा (७) बमोजिम उचित हेरचाह नगर्ने परिवारलाई संरक्षक समेत तोकिएका अवस्थामा संरक्षक परिवर्तन गर्न बालकल्याण अधिकारीले सम्बन्धित अदालतमा निवेदन दिन सक्नेछ ।

३५. **उजुरी गर्नु पर्ने** : कुनै व्यक्ति वा निकायलाई वैकल्पिक हेरचाहमा राखिएको बालबालिकाको अधिकार हनन भएको लागेमा नगरपालिकामा निवेदन वा सूचना दिनु पर्नेछ ।

३६. **वैकल्पिक हेरचाहमा रहेर वयस्क भएका युवाको पुनर्एकीकरण गर्नु पर्ने** : (१) नगरपालिकाले वैकल्पिक हेरचाहमा रहेर वयस्क भएका युवाको समाजमा पुनर्एकीकरण गर्न देहायबमोजिम गर्न सक्नेछ :

(क) सामान्यतया वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको उमेर १८ वर्ष पुरा भएपछि निजलाई युवालयमा पठाउने वा सामाजिक पुनर्एकीकरण गर्ने,

(ख) वैकल्पिक हेरचाहमा रहेका बालबालिका १८ वर्ष पुग्नु अगावै निजको पुनर्एकीकरणको योजना बनाउनु पर्ने,

(ग) खण्ड (ख) बमोजिमको योजना बनाउँदा निजको शैक्षिक निरन्तरता, रोजगारीको तयारी, बसोबास एवम् जिविकोपार्जन लगायतबारे निजसँग विस्तृत छलफल गर्नु पर्ने,

(घ) खण्ड (ख) बमोजिमको योजनाअनुरूप युवालाई आवश्यक पर्ने सहयोग र सो जुटाउने उपायबारे विस्तृत खाका तयार गरिनु पर्ने,

(ङ) वैकल्पिक हेरचाहमा रहेर वयस्क भएका युवाको पुनर्एकीकरणसम्बन्धी निर्णय गरिँदा निजलाई उपलब्ध विभिन्न विकल्पबारे जानकारी दिई उपयुक्त विकल्प छनोट गर्ने अवसर दिइनु पर्ने,

(च) शारीरिक, मानसिक, आर्थिक वा भौतिक रूपमा सक्षम भएका युवाले चाहेमा एक्लै वा स्वतन्त्र बसोबास गर्न दिन सकिने,

(छ) खण्ड (च) बमोजिम युवाले एक्लै वा स्वतन्त्र बसोबास गरेमा निजलाई हेरचाह गर्ने परिवार वा वैकल्पिक हेरचाह प्रदायकलाई तीन (३) वर्षसम्म उनको निगरानी राख्न जिम्मा दिन सकिने ।

(२) कुनै युवाले केही वर्ष आफू संरक्षित परिवारमा नै बस्न चाहेमा र उक्त परिवार समेत त्यसको लागि सहमत भएमा निज सोही परिवारमा बस्न सक्छन् ।

(३) उपदफा (२) बमोजिम निर्णय भएमा नगरपालिकाले त्यस्तो परिवार तथा निज युवाको आत्मनिर्भरता बढाउन नगरपालिका लगायत सरकारी निकाय तथा संस्थाका सीप तथा आयवृद्धिका उपयुक्त कार्यक्रमसँग समन्वय गरिदिनु पर्छ ।

(४) बालबालिका वयस्क भएपछि निजको व्यक्तिगत फाइल, सम्पत्ति तथा अन्य कानूनी कागजान उनैलाई जिम्मा लगाई त्यसको फोटोकपी वा सफ्टकपी कम्तिमा पाँच (५) वर्षसम्म नगरपालिकामा सुरक्षित राख्नु पर्छ ।

(५) यस दफाबमोजिम समाजमा पुनर्एकीकरण गरिएका युवाको स्थितिबारे नगरपालिकाले कम्तिमा तीन (३) वर्षसम्म जानकारी लिनु पर्नेछ ।

## परिच्छेद-६
## विविध

३७. **सहयोग उपलब्ध गराँउदा प्राथमिकता दिनु पर्ने** : नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले बालबालिकाको वैकल्पिक हेरचाहका निमित्त सहयोग उपलब्ध गराउँदा दफा ४९ को उपदफा (२) बमोजिमको प्राथमिकताका आधारमा सहयोग उपलब्ध गराउनु पर्नेछ ।

३८. **बालसंरक्षणसम्बन्धी मापदण्ड लागू गर्नु पर्ने** : (१) विद्यालय, बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय वा निजी क्षेत्र एवम् सामाजिक संस्थाले ऐनको दफा ५७ बमोजिम आफ्नो संस्था वा निकायको बालसंरक्षण मापदण्ड तर्जुमा गरी लागु गर्नु पर्नेछ ।

(२)बालसंरक्षण मापदण्डको ढाँचा यस ऐनको अनुसूची-१ राखिएको छ ।

**३९. निर्देशिका तथा मापदण्ड लागू गर्न सकिने :** यस ऐनको कार्यान्वयन गर्न नगरकार्यपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड लागू गर्न सक्नेछ ।

अनुसूची-१
बालसंरक्षण मापदण्ड
(बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ५७ सँग सम्बन्धित)

**प्रस्तावना**

बालबालिकालाई संरक्षण गर्ने संवैधानिक तथा कानूनी दायित्व पुरा गर्न बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ५७ बमोजिम यस संस्थाका सबै पदाधिकारीको सामूहिक छलफलपश्चात यो बालसंरक्षण मापदण्ड तयार गरी कार्यान्वयन गरिएको छ ।

१. **उद्देश्य :** यस मापदण्डका उद्देश्य देहायबमोजिम हुनेछन् :

(क) बालबालिकालाई सवै प्रकारको दुर्व्यवहारबाट जोगाउन दुर्व्यवहारसम्बन्धी घटनाको रोकथाम गर्ने,

(ख) पदाधिकारी, कर्मचारी, करारका आधारमा सेवा प्रदायक, परामर्शदाता वा स्वयंसेवा गर्ने व्यक्तिका निमित्त आचारसंहिता निर्माण गरी बालबालिकाप्रति जिम्मेवार र राज्यका कानूनप्रति जवाफदेही बनाउने,

(ग) दुर्व्यवहारको घटनामा प्रचलित कानून बमोजिमको कानूनी प्रक्रियालाई सहजीकरण गर्न एवम् गलत व्यवहार गर्ने व्यक्तिलाई कानूनी कारवाही समेत गर्ने,

(घ) उजुरी प्रक्रियालाई चाँडोभन्दा चाँडो र बालमैत्री प्रक्रियाले प्रारम्भ गरी सम्पन्न गर्ने, बालबालिकाको सर्वोत्तम हितलाई कारवाहीको हरेक चरणमा प्राथमिकता दिने ।

२. **सिद्धान्त :**

***(क) बालबालिकाको सर्वोत्तम हित :*** बालबालिकाको उजुरी लिने, कारवाही प्रारम्भ गर्ने वा कारवाईको अन्त्य गर्ने र बालबालिकाको पुनर्स्थापना गर्ने हरेक चरणमा बालबालिकको सर्वोत्तम हितलाई प्राथमिकता दिइनेछ ।

***(ख) शून्य सहनशीलता :*** बालबालिकाविरूद्धका कुनै पनि कसूरलाई स्वीकार गरिने छैन । बालबालिकाविरूद्धका दुर्व्यवहारका घटनालाई सुनवाई प्रक्रियामा ल्याइनेछ । कारवाही नचलाई राखिने छैन । दुर्व्यवहार प्रमाणित भएका व्यक्तिलाई निजको पद, प्रतिष्ठाका आधारमा छुट दिइनेछैन ।

***(ग) न्यायिक सुनवाइ :*** बालबालिकाविरूद्ध गरिएका सवै कसूरहरू उपर न्यायिक सुनवाइ गरिनेछ । उजुरीहरूलाई कानूनी अख्तियार नभएका व्यक्तिहरूले गरेको निर्णय स्वीकार्य हुने छैन ।

***(घ) जोखिमको नक्सांकन र सावधानी :*** बालबालिकालाई दुर्व्यवाहारको जोखिमबाट जोगाउन निरन्तर जोखिमको नक्सांकन गरी सावधानीका उपयुक्त उपाय अवलम्बन गरिनेछ ।

गौरीगङ्गा राजपत्र

*(ङ) दुर्व्यवहारको रोकथाममा सहकार्य :* दुर्व्यवहारलाई रोकथाम गर्न हरसम्भव प्रयास गरिनेछ । यसका निमित्त सरकारी निकाय, गैरसरकारी संस्था, निजी क्षेत्र तथा व्यक्तिसँग सहकार्य गरिनेछ ।

**३. आचारसंहिता**

(क) गर्नु पर्ने काम

१. बालबालिकालाई आदरपूवर्क बोलीचाली तथा व्यवहार गर्ने ।

२. दुर्व्यवहार भएको थाहा पाए तुरून्त कार्यालयको उजुरी संयन्त्रमा उजुरी दिने ।

३. दुर्व्यवहारको गम्भीरताका आधारमा प्रहरी कार्यालय वा न्यायिक समितिमा उजुरी दिन आवश्यक लागेमा तुरून्त उजुरी दिने ।

४. दुर्व्यवहारका बारेमा पीडित बालबालिकाको परिचय गोप्य राख्ने ।

ख) गर्न नहुने काम

अ. बालश्रम सम्बन्धमा :

१. बालबालिकालाई श्रमिकका रूपमा आफ्नो घर वा कार्यालयमा राख्न नहुने ।

२. बालबालिकालाई श्रमिकका रूपमा आफ्ना नातेदार वा अन्य जो सुकैकोमा पठाउन वा लिन नहुने ।

३. आफूले कसैलाई काम दिँदा बालबालिकालाई श्रमिकका रूपमा काम नगराउने कुरा सुनिश्चित गर्ने ।

आ. शारीरिक तथा मानसिक दुर्व्यवहार सम्बन्धमा :

१. बालबालिकालाई सामान्य वा गम्भिर कुनै पनि किसिमको कुटपिट गर्न नपाइने ।

२. बालबालिकालाई गालीगलौज गर्न नपाइने ।

३. बालबालिकालाई विगतको सूचना वा तथ्य वाहिर ल्याइदिन्छु वा वर्तमान तथा भविष्यमा कुनै पनि कुरा गर्दिन्छु वा गर्दिन भनी तर्साउन, थर्काउन नपाइने ।

४. बालबालिका वा निजको परिवारलाई भविष्यमा लाभ वा हानी पुर्‍याइदिन्छु भनी कुनै पनि कार्य गर्न नपाइने ।

इ. धूमपान, मद्यपान, लागू औषधको प्रयोग सम्बन्धमा:

१. बालबालिकालाई धूमपान, मद्यपान, लागू औषधको प्रयोग गर्न लगाउन नपाइने ।

२. बालबालिकालाई धूमपान, मद्यपान, लागू औषध खरिद बिक्री गर्न लगाउन नपाइने ।

३. बालबालिकाको अगाडि बसेर धूमपान तथा लागू औषध प्रयोग गर्न नपाइने ।

ई. यौनदुर्व्यवहार सम्बन्धमा :

१. बालविवाह नगर्ने, नगराउने, प्रोत्साहन नगर्ने र बाल विवाहमा सरिक नहुने ।

२. उद्धार वा आपतकालिन स्थितिमा बाहेक बालबालिकाको अनुमती भए पनि बालबालिकाको शरीरमा नछुने ।

३. बालबालिकासँग यौन क्रियाकलाप नगर्ने, बालबालिकासँग यौन सम्पर्क नराख्ने, आफ्ना बालबालिका बाहेक अरू बालबालिकासँग एउटै कोठामा रात नसुत्ने।

४. यौन आशयले नजिस्कने, यौनजन्य क्रियाकलाप नगर्ने, अश्लिल तस्वीर नदेखाउने ।

५. अश्लील वा नग्न तस्वीर नखिच्ने । आफ्ना नग्न, अर्द्धनग्न (नुहाएका आदि) फोटोहरू हेर्न नदिने ।

६. कार्यालयको काममा बालबालिकालाई बोलाउन परेमा वा पठाउन परेमा परिवारको सदस्य वा उमेर पुगेकी महिलाको साथ लगाई पठाउने । उक्त महिलाको खर्चको व्यवस्था पनि कार्यालयबाट गर्ने ।

उ. अन्य हिंसा सम्बन्धमा :

१. बालबालिकाका अगाडि कुनै पनि हिंसा गर्न नपाइने ।

२. बालबालिकालाई हिंसा गर्न उक्साउन, फकाउन नपाइने ।

४. **नीतिको कार्यान्वयनसम्बन्धी व्यवस्था :**

*(४.१) नीतिको प्रकाशन र प्रचारप्रसार :*

(क) यस नीतिलाई संस्थाको कार्यालयमा सबैले देख्ने गरी प्रकाशन गरी राख्ने ।

(ख) बालसंरक्षण मापदण्डको पुस्तिकाको रूपमा प्रकाशन गर्ने ।

(ग) सबै पदाधिकारी, कर्मचारी, करार सेवा प्रदायक, सार्वजनिक खरिद ऐन अन्तर्गतका सेवा प्रदायकहरू सँग गरिने सम्झौताको प्रतिमा संलग्न गर्ने ।

(घ) बालसंरक्षण मापदण्डको बारेमा बताई उक्त मापदण्ड पालन गर्दछु भन्ने मञ्जुरीनामामा हस्ताक्षर गराउने ।

*(४.२) क्षमता अभिवृद्धि :* नगरपालिका, अस्थायी संरक्षण संस्था र अन्य सेवा प्रदायक संस्थाका सबै पदाधिकारीहरू र कर्मचारी, परामर्शदाता समेतलाई राखी प्रत्येक वर्ष यस मापदण्डमा छलफल गरिनेछ । यस मापदण्डको कार्यान्वयन गर्दा आवश्यक पर्ने क्षमता अभिवृद्धिका निमित्त नगरपालिकाले योजना बनाई कार्यान्वयन गर्नेछ ।

*(४.३) उजुरी संयन्त्र र कारवाही :*

(क) यस मापदण्डको कार्यान्वयनका निमित्त नगरपालिका न्यायिक समितिका संयोजकको संयोजकत्वमा एक उजुरी संयन्त्र निर्माण गरिनेछ । जसमा नगर कार्यपालिकाले मनोनयन गरेका नगर सभा सदस्यबाट २ महिला र १ पुरुष, यस नगरपालिकालाई कार्यक्षेत्र बनाई वालबालिकाको क्षेत्रमा काम गर्ने संघस्थाहरु मध्यबाट १ जना र नगरपालिकामा कार्यरत कर्मचारी बाट २ गरी जम्मा ६ जना सदस्य हुनेछन् ।

(ख) यस समितिले आफ्नो कार्यालयमा यस बालसंरक्षण मापदण्डको उल्लंघनका घटना गोप्य रूपमा दिन मिल्ने गरी एउटा उजुरी बाकस सवैले देख्ने गरी राख्नेछन् । बाकसमा परेका उजुरीलाई प्रत्येक हप्ता गोप्य तवरले खोली गोप्य रजिष्टरमा उल्लेगरी राखिनेछ ।

(ग) आएका उजुरीलाई सात जनाको उजुरी समितिले हेरी तुरून्त प्रारम्भिक अनुसन्धानको काम अगाडि बढाउनुपर्नेछ । उक्त प्रारम्भिक अनुसन्धानले कुनै पदाधिकारी वा कर्मचारी दोषी देखिएमा नगर प्रमुखलाई सूचना दिई उक्त व्यक्तिका सम्बन्धमा तुरून्त कारवाही अगाडि बढाउनु पर्दछ ।

(घ) पदाधिकारी वा कर्मचारीविरूद्ध आएको उजुरीलाई प्रचलित कानूनबमोजिम कारवाई चलाउनु पर्ने देखिएमा समितिले आफूसमक्ष परेको उजुरी सहित सम्बन्धित निकायमा कारवाहीका निमित्त लेखी पठाउनुपर्नेछ ।

*(४.४) कार्यान्वयनको जिम्मेवारी :*

यस मापदण्डको कार्यान्वयनको जिम्मेवारी उजुरी समितिले लिनेछ । नगर कार्यपालिकाको बैठकमा यस मापदण्डको कार्यान्वयन सम्बन्धी प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्तिले पेश गर्नेछन् ।

**५. अनुगमन संयन्त्र**

यस बालसंरक्षण मापदण्डको पालन भए नभएको निरन्तर अनुगमन गर्न संस्था वा निकायले एक अनुगमन समिति गठन गरी गर्नेछ ।

**६. संशोधन र अद्यावधिक गर्ने**

यस बालसंरक्षण मापदण्डलाई प्रत्येक ५ वर्षमा नगर कार्यपालिकाले संशोधन र अद्यावधिक गर्नेछ । तर, आवश्यकता देखिएमा यस व्यवस्थाले यस मापदण्डलाई सो समयभन्दा पहिले नै संशोधन र अद्यवधिक गर्न बाधा पुऱ्याएको मानिने छैन ।

आज्ञाले
धर्मराज विनाडी
प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र